# विपद् प्रभावितलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड, २०७६

<u>**प्रस्तावना:**</u> विपद् प्रभावितका लागि आवश्यक आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य सेवाको प्रबन्ध गरी विपद्बाट मृत्यु तथा बेपत्ता भएका व्यक्तिका आश्रित परिवारलाई राहत उपलब्ध गराउन र विपद्का कारण बासस्थान गुमाएका व्यक्तिलाई बसोबास तथा जीवीकोपार्जनका आधार तयार गरी राहत उपलब्ध गराउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले यो मापदण्ड बनाई लागू गरेकोछ ।

प्रारम्भिक मस्यौदा

परिच्छेद १

## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस मापदण्डको नाम "विपद् प्रभावितलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "प्राधिकरण" भन्नाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "राहत मापदण्ड" भन्नाले ऐनको दफा ३९ को अधीनमा रही विपद् प्रभावितहरुलाई राहत उपलब्ध गराउन संघ, प्रदेश र स्थानीय तह एवं सरोकारवाला निकायले विषयगत राहत प्रदान गर्न तयार गरी स्वीकृत गरेको मापदण्ड समेतलाई सम्झनु पर्छ ।

(च) "विपद् प्रभावित" भन्नाले यस मापदण्डको दफा ९ को उपदफा (१) बमोजिमका विपद्का कारण मृत्यु एवं बेपत्ता भएका व्यक्तिका आश्रित

परिवार, आफ्नो घर, बासस्थान वा बहाल बसेको घरको क्षतिका कारण विस्थापित भएका, विपद्का कारण जीविकोपार्जन गुमाएका वा विपद्का कारण जीवनयापनको आधार गुमाएका व्यक्ति एवं परिवारलाई सम्झनु पर्छ ।

परिच्छेद २

**पूर्वतयारी तथा भण्डारण**

३. **पूर्वतयारी तथा आँकलन:** (१) विपद्बाट प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहतका लागि संघ, प्रदेश र स्थानीय तहमा हुन सक्ने विपद्को अवस्थामा तत्काल खोज तथा उद्धार टोली परिचालन हुने गरी तयारी अवस्थामा राख्नु पर्नेछ ।

(२) संघ, प्रदेश र स्थानीय तहहरुले उच्च जोखिममा रहेका बस्ती र क्षेत्रहरुको पहिचान गर्नका लागि आवधिक रुपमा सम्बन्धित विषय विज्ञ वा प्राज्ञिक विशेषज्ञको सहयोग लिई जोखिमको नक्शांकन (Risk Mapping) र विपद् जोखिम लेखाजोखा (Disaster Risk Assessment) गरी जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीहरु गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम भए गरेका अध्ययन अनुसन्धानका आधारमा संघ, प्रदेश तथा स्थानीय तहले राहत वितरण सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

(४) राहत उपलब्ध गराउनका लागि सम्भावित विपद् र यसले पार्न सक्ने प्रभावका सम्बन्धमा भएका अध्ययन अनुसन्धानहरुको आधारमा आ-आफ्नो क्षेत्रमा आवश्यक हुने राहत सामग्रीको आँकलन गरी संघ, प्रदेश तथा स्थानीय तहले खाद्यान्न लगायतका आवश्यक सामग्रीको भण्डारण र थप सामग्री आवश्यक पर्ने अवस्थाका लागि जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी स्थानीय व्यवसायी एवं आपूर्तिकर्तासँग आपत्कालीन तयारी आपूर्ति व्यवस्थापनको लागि तयारी सम्झौता गरी आवश्यक राहत सामग्रीहरुको भण्डारण तथा व्यवस्थापन गर्नु गराउनु पर्नेछ ।

प्रारम्भिक मस्यौदा

(५) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले विषयगत सरकारी निकाय तथा मानवीय क्षेत्रमा क्रियाशील गैह्रसरकारी क्षेत्रको समन्वयमा सम्बन्धित निकायको क्षमता, श्रोतको उपलब्धता र स्वयंसेवक लगायतका जनशक्तिको सूची अद्यावधीक गरी सबै निकाय र क्षेत्रको जिम्मेवारी तोकिने गरी पूर्वतयारी योजना तयार गर्नु पर्नेछ ।

(६) संघ, प्रदेश तथा स्थानीय तहले उच्च जोखिममा रहेका बस्ती र क्षेत्रहरुको पहिचान गरी सरोकारवाला सरकारी निकाय एवं गैह्र सरकारी क्षेत्रको सहयोग लिई त्यस्ता बस्ती तथा क्षेत्रहरुको संरक्षण एवं जोखिम न्यूनीकरणका लागि आवश्यक बचाउ तथा रोकथामका कार्यहरु गर्नुपर्नेछ ।

(७) उपदफा (६) बमोजिम उच्च जोखिममा रहेका बस्तीहरुको संरक्षण र जोखिम न्यूनीकरण सम्भव नभएमा जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित स्थानीय तहबाट विवरण प्राप्त गरी आफ्नो क्षेत्रमा रहेको भौगोलिक रुपमा विकट, सेवा सुविधा पुर्याउन र प्राप्त गर्न कठिन, विकासका निम्ति वाधक, अपायक तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका कारण स्थानान्तरण गर्नुपर्ने बस्तीहरु र विपद्का कारणबाट क्षती पुगेका बस्ती तथा पीडित घरपरिवारको पहिचान गरी समितिबाट निर्णय गराई सम्भावित स्थानान्तरण गर्न सकिने नजिकको स्थानको पहिचान गरी सूचीसहित प्राथामिकता निर्धारण गरी सम्बन्धित निकाय र शहरी विकास तथा भवन निर्माण विभागमा पठाउनुपर्नेछ ।

(८) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरुले विपद् प्रभावित व्यक्ति तथा परिवारहरुलाई विपद्को समयमा सुरक्षित बसोबासका लागि उपयुक्त स्थानहरुको पहिचान गरी ती स्थानहरुमा देहाय बमोजिमको प्रबन्ध मिलाउनु पर्नेछ ।

(क) पहिचान गरिएका स्थानहरुमा विपद्को समयमा स्थानान्तरण गर्न सकिने विषयको जानकारी सम्बन्धित समुदायलाई गराउनु पर्नेछ ।

(ख) विपद् प्रभावितको खोज तथा उद्धार गरी सुरक्षित स्थानमा लैजाने र अस्थायी आश्रयस्थलमा बसोबासको व्यवस्था मिलाउन आवश्यक पर्ने सामग्रीको बन्दोबस्ती गरी उपयुक्त भण्डारणको व्यवस्था गर्नु पर्नेछ ।

प्रारम्भिक मस्यौदा

(ग) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले विषयगत सरकारी कार्यालय तथा मानवीय क्षेत्रमा क्रियाशील गैह्रसरकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा विपद् प्रभावितहरुको खोज तथा उद्धार, स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सेवा, अस्थायी आवास, पोषणयुक्त खाद्यान्न, स्वच्छ खानेपानी, सरसफाई, लत्ता कपडा, सुरक्षा र संरक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) विपद् प्रभावितहरुलाई आश्रयस्थलमा खानेपानी तथा सरसफाई, पोषण तथा खाद्य, स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ । उक्त आश्रयस्थलमा संरक्षण, शिक्षा, आवागमन, शौचालय तथा विजुली वा पर्याप्त उज्यालो प्रकाश दिने साधन आदि सुविधाको उचित प्रवन्ध गर्नुपर्नेछ ।

(९) सम्बद्ध तहमा रहेका खोज तथा उद्धार कार्यमा प्रयोग हुने हेभी इक्वीप्मेण्ट, डोजर, क्रेन, आकष्मिक यातायातका साधन; हेलिकप्टर, रबरको डुंगा, वारुणयन्त्र, एम्बुलेन्स लगायतका अन्य औजार उपकरणको उपयोगका सम्बन्धमा ती सामग्री उपलब्ध भएका सरकारी निकायसँग समन्वय गरी गैह्रसरकारी तथा निजी क्षेत्रको सहयोग लिई विपद्को अवस्थामा तिनको तत्काल उपयोग हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(१०) विपद् प्रभावितहरुलाई सुरक्षित आश्रयस्थलमा राख्नका लागि सम्भव भएसम्म विद्यालय र स्वास्थ्य संस्थाका भवनबाहेक स्थानीय एवं समुदाय स्तरमा भएका खुला स्थान, खुला चौर, सरकारी एवं सामुदायिक भवन वा यस्तै प्रकारका सुरक्षित भवन वा खुला स्थानहरुको पहिचान गर्नुपर्नेछ ।

(११) आश्रयस्थल वा अस्थायी शिविर स्थापना एवं सञ्चालन गरिने ठाउँ वालबालिका, महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, दीर्घरोगी मैत्री हुनु पर्नेछ ।

४. **<u>खोज तथा उद्धारको व्यवस्थापन:</u>** (१) विपद्को अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको तत्काल खोज तथा उद्धार गर्नका लागि संघ, प्रदेश र स्थानीय तहले सम्भावित जोखिम, भौगोलिक



प्रारम्भिक मस्यौदा

अवस्था, जनघनत्व र यातायातको सुविधाका आधारमा आवश्यकता अनुसार खोज तथा उद्धार सामग्रीको भण्डारण गर्नु पर्नेछ ।

(२) खोज तथा उद्धार कार्यमा खटिने सुरक्षाकर्मी सहितको टोलीमा आकष्मिक औषधोपचारको व्यवस्थापनका साथै मनोसामाजिक परामर्श सेवासमेत उपलब्ध हुने गरी चिकित्सक वा तालीमप्राप्त स्वास्थ्यकर्मी हुनुपर्नेछ ।

(३) विपद् प्रभावितको खोज तथा उद्धार गरी तिनलाई सुरक्षित स्थानमा लैजाने र आवश्यकता अनुसार अस्थायी शिविर वा आश्रयस्थलमा बसोबासको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) विपद् प्रभावितलाई सुरक्षित स्थानमा जानका लागि सुरक्षित स्थलको जानकारी सहित सार्वजनिक सूचना दिनु पर्नेछ ।

(५) खोज तथा उद्धार कार्यको लागि प्राधिकरण, प्रदेशमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति मातहत आवश्यक खोज तथा उद्धार टोली पहिचान गरी तयारी अवस्थामा राखु पर्नेछ ।

(६) खोज तथा उद्धार कार्यको लागि आवश्यकता अनुसार सम्बन्धित विपद् व्यवस्थापन समितिले तत्काल उपयोग गर्न सकिने गरी खोज तथा उद्धार सामग्रीको भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) खोज तथा उद्धार कार्यमा परिचालन गरिने सुरक्षाकर्मीहरुलाई नियमित क्षमता अभिवृद्धि गर्ने व्यवस्था जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने र स्वयंसेवकहरुको पहिचान गरी खोज तथा उद्धारको लागि अभिमूखिकरण गर्ने व्यवस्था जिल्ला एवं स्थानीय विपद् व्यवस्थापन समितिले गर्नुपर्नेछ ।

(८) सबै तहमा रहेका आपतकालीन कार्य सञ्चालन केन्द्रहरु विपद् पश्चातको खोज तथा उद्धार कार्य व्यवस्थापनको समग्र परिचालन, समन्वय, घटनाको विवरण तथा सूचना संकलन कार्यमा स्वतः सक्रिय हुनु पर्नेछ ।

५. **राहत सामग्रीको व्यवस्थापन:** (१) विपद् व्यवस्थापन समितिहरुले मानवीय सहायताका सम्बन्धित क्षेत्रमा क्रियाशील रहेका गैह्रसरकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा विपद् प्रभावितहरुलाई खोज, उद्धार तथा राहत वितरण गर्न विषय तथा क्षेत्रगत आधारमा आवश्यक सामग्रीहरुको व्यवस्थापन र उपयुक्त भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) नेपाल सरकारले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहतका लागि संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहमा पूर्वतयारीका साथ आवश्यक राहत सामग्रीहरुको भण्डारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएका भण्डारणका आधारमा सम्बन्धित विपद् व्यवस्थापन समितिले राहत वितरण सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्नेछ ।

(४) विपद्बाट प्रभावितहरुलाई उपलब्ध गराउने राहत सामग्रीहरुको भण्डारण गर्दा खाद्य सामाग्री र गैह्रखाद्य सामग्रीको छुट्टाछुट्टै भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) राहत सामग्री भण्डारणको व्यवस्था गर्दा औषधि तथा खाद्य सामग्रीको म्याद गुज्रिने अवस्थामा प्रतिस्थापन प्रणाली (Replacement Mechanism) को व्यवस्थापन एवं अन्य गैह्र खाद्य तथा औजार उपकरण लगायतका सामग्रीको उपयोग क्षमतामा ह्रास नहुने गरी चालू अवस्थामा राख्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

(६) वालबालिका, महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, दीर्घ रोगी मैत्री राहत सामग्री भण्डारणको प्रबन्ध गर्नुपर्नेछ ।

(७) विपद् प्रभावितहरुलाई उपलब्ध गराउन गैह्रसरकारी वा निजी रुपमा प्राप्त भएको राहतको आवश्यकता र गुणस्तरीयताको विश्लेषण गरी जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले दोहोरोपना नहुने गरी एकद्धार प्रणाली अनुरुप राहत वितरण गर्नु पर्नेछ ।

परिच्छेद ३

## खोज, उद्धार तथा राहत वितरण

६. **<u>खोज तथा उद्धारका लागि परिचालनः</u>** (१) विपद् प्रभावितहरुको खोज तथा उद्धार कार्यका लागि जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले सुरक्षाकर्मी, चिकित्सक, स्वास्थ्यकर्मी र स्वयंसेवकहरुको टोली तत्काल परिचालन गर्नु पर्नेछ ।

प्रारम्भिक मस्यौदा

(२) खोज तथा उद्धारका लागि भण्डारण गरिएका औजार उपकरण एवं आवश्यकता अनुसार अन्य बन्दोबस्तीका सामग्रीहरु सहित खोज तथा उद्धार टोली परिचालन हुनु पर्नेछ ।

(३) विपद् प्रभावितलाई आवश्यक पर्ने अस्पताल पूर्व सेवा (Pre-Hospital Care) र अस्पतालमा गरिने आकष्मिक औषधोपचारको व्यवस्थापन एवं घाईतेलाई सुरक्षित रुपमा अस्पताल पुर्याउन आवश्यक एम्बुलेन्स वा उपयुक्त यातायातको साधनको व्यवस्थापन गर्नुपर्नेछ । आकष्मिक मेडिकल टोली र द्रुत प्रतिकार्य टोली (Rapid Response Team) लाई खोज तथा उद्धार टोलीसँगै परिचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) विपद्का कारण भत्केका एवं भत्कने जोखिममा रहेका भवन, संरचना, आवतजावतका लागि असहज स्थान आदि क्षेत्रबाट खोज तथा उद्धार गर्नुपर्ने अवस्थामा जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले हेभी इक्वीप्मेण्ट, डोजर, क्रेन, आकष्मिक यातायातका साधन, हेलिकप्टर, एम्बुलेन्स, रबरको डुंगा, वारुणयन्त्र लगायतका उपलब्ध अन्य उपकरण तथा औजारको उपयोग गरी खोज तथा उद्धार कार्य गर्नुपर्नेछ ।

(५) विपद् प्रभावितको खोज तथा उद्धार कार्य एवं राहत वितरण गर्दा वालबालिका, महिला, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, दीर्घ रोगीलाई प्राथमिकता दिई खोज तथा उद्धार कार्य गर्नु पर्नेछ ।

(६) विपद्को जोखिमयुक्त स्थानमा बसोबास गरिरहेकालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने एवं उद्धार गरिएका व्यक्तिहरुलाई सुरक्षित स्थानमा अस्थायी बसोबासको प्रबन्ध मिलाउनु पर्नेछ ।

(७) विपद्को कारण विस्थापित भएका र उद्धार गरिएका व्यक्तिहरुलाई वातावरणीय प्रभाव, सरसफाई एवं स्वास्थ्यजन्य विविध कारणले हुनसक्ने थप जोखिमबाट जोगाउन सरकारी, निजी तथा गैह्रसरकारी क्षेत्र, स्वयंसेवक, शिक्षक, विद्यार्थी र समुदायको समेत परिचालन गरी जनचेतनामूलक कार्यक्रम मार्फत सम्भावित जोखिम न्यूनीकरण गर्नु पर्नेछ ।

(८) एक भन्दा बढी स्थानीय तह विपद्बाट प्रभावित भएमा जिल्ला विपद् व्यवस्थापन समितिले, एक भन्दा बढी जिल्ला विपद्बाट प्रभावित भएमा प्रदेश विपद् व्यवस्थापन

प्रारम्भिक मस्यौदा

कार्यकारी समितिले र एक भन्दा बढी प्रदेश विपद्बाट प्रभावित भएमा प्राधिकरणले प्रभावितको राहत तथा उद्धार कार्यको व्यवस्थापन तथा समन्वय गर्नु पर्नेछ ।

(९) विपद्बाट भएको प्रभाव, विद्यमान अवस्था, जरुरी सूचना एवं खोज उद्धार तथा राहत वितरण कार्यको विवरण जानकारीका लागि सम्बद्ध विपद् व्यवस्थापन समितिको अध्यक्ष वा अध्यक्षले तोकेका कुनै पदाधिकारीलाई जिम्मा दिई नियमित सूचना सम्प्रेषणको व्यवस्था मिलाउनु पर्नेछ ।

७. **राहत वितरणको मापदण्डः** (१) विपद् प्रभावितलाई तत्कालको गुजारा र उत्थानशीलताको निमित्त प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिम राहत उपलब्ध गराउनु पर्नेछ ।

(क) विपद्को घटनामा परी मृत्यु भएका व्यक्तिको आश्रित परिवारलाई प्रति मृतक **रु. एक लाख** राहत उपलब्ध गराउने,

(ख) विपद्को घटनामा परी बेपत्ता भएका व्यक्तिको आश्रित परिवारलाई प्रति व्यक्ति **रु. एक लाख** उपलब्ध गराउने,

(ग) विपद्बाट घर वा वहाल बसेको आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमीन वा पसल व्यवसाय समेत नोक्सान भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि प्रति परिवार **रु. दश हजार** सम्म राहत उपलब्ध गराउने,

(घ) विपद्का कारण घाइते भएकाहरुको जीवन रक्षा (Life Saving) का लागि सरकारी वा नजिकको अस्पताल तथा स्वास्थ्य संस्थामा निःशूल्क औषधोपचारको तत्काल व्यवस्था मिलाउने ।

(२) उपदफा (१) बमोजिमको राहत प्रमुख जिल्ला अधिकारीले सम्भव भएसम्म प्रभावित स्थानमानै उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउँदा सम्बन्धित मृत्यु दर्ताको प्रमाणपत्र, प्रहरी मुचुल्का र विपद्का कारण मृत्यु भएको भनी स्थानीय तहबाट प्राप्त सिफारिशलाई आधार लिनु पर्नेछ ।

प्रारम्भिक मस्यौदा

(४) विपद् प्रभावितलाई तत्कालको गुजारा र उत्थानशीलताको निमित्त जिल्ला विपद् व्यवस्थापन समितिले देहाय बमोजिम राहत उपलब्ध गराउनु पर्नेछ ।

(क) विपद्‌बाट खाद्यान्न लत्ता कपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएता पनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भई सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार **रु. पचास हजार** सम्म राहत उपलब्ध गराउने ।

(ख) उपदफा ४(क) बमोजिम **रु. पचास हजार** सम्मको राहत उपलब्ध गराइएकोमा सो राहत रकम तत्कालको गुजारा र उत्थानशीलताको निमित्त अपर्याप्त भई थप राहत दिनु पर्ने अवस्थामा जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक छानविन गरी थप राहत सहयोग उपलब्ध गराउने सम्बन्धमा निर्णय गरी कार्यकारी समिति समक्ष सिफारिश गर्न सक्नेछ । यस्तो सिफारिश उपयुक्त ठहरिएमा कार्यकारी समितिले निर्णय गरी रु. **पचास हजार** सम्म थप राहत उपलब्ध गराउन सक्नेछ।

(ग) उपदफा १(घ) बमोजिम उपचार गराउन सम्भव नभएको अवस्थामा थप उपचार आवश्यक गम्भीर घाइतेहरुलाई नेपाल सरकारका केन्द्रीय वा विशेषज्ञ सेवायुक्त सरकारी अस्पतालमा उपचारको प्रबन्ध मिलाउनु पर्नेछ । केन्द्रीय अस्पताल वा विशेषज्ञ अस्पतालको रेफरमा गम्भीर घाइतेलाई निजी अस्पतालमा समेत उपचारका लागि पठाउन सकिने ।

(घ) जिल्ला र प्रदेशस्तरका सरकारी अस्पतालमा उपचार गराउँदा लागेको खर्च बील बमोजिम एवं निजी अस्पतालमा औषधोपचार गराउँदा लागेको खर्च सरकारी अस्पतालमा औषधोपचार गराउँदा लागे जति वा आपसी समझदारीमा तोकिए बमोजिम जिल्ला विपद् व्यवस्थापन समितिले शोधभर्ना गर्नु पर्ने ।

नेपाल सरकारका केन्द्रीय अस्पताल, विशेषज्ञ सेवायुक्त अस्पताल एवं निजी क्षेत्रबाट सञ्चालित अस्पतालमा औषधोपचार गराउँदा लागेको खर्च जिल्ला औषधोपचार सिफारिश समितिको सिफारिशमा कार्यकारी समितिले

प्रारम्भिक मस्यौदा

सरकारी अस्पतालमा उपचार गराउँदा लागे जति वा कार्यकारी समितिले तोके बमोजिम प्राधिकरणले शोधभर्ना गर्नु पर्नेछ ।

(ङ) उपदफा (घ) बमोजिम उपचार गराउँदा गम्भीर घाइते विरामीलाई केन्द्रीय तहको वा रेफरल अस्पताल पुर्याउनका लागि एम्बुलेन्स वा अन्य स्थल, जल हवाई लगायत उपयुक्त यातायातको प्रबन्ध गर्नका लागि घाइतेलाई समयमै औषधोपचार नगराउँदा उत्पन्न हुनसक्ने जोखिम र जीवन रक्षाका अत्यावश्यक औषधोपचार सेवाको आवश्यक कारण खुलाई प्रमुख जिल्ला अधिकारीले गरेको प्रतिवेदनका आधारमा प्राधिकरणले उपयुक्त यातायात सेवाको प्रबन्ध मिलाउनु पर्नेछ ।

(च) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले एम्बुलेन्स वा उपयुक्त यातायातका साधनको प्रबन्ध गर्नु पर्नेछ ।

(छ) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले विपद्को कारण घाइते भई औषधोपचार गराइसकेका घाइते विरामीलाई घर फर्कनका लागि निर्धारित यातायात भाडा दर उपलब्ध गराउनु पर्नेछ ।

(ज) विपद्का कारण आमा बाबु लगायत अभिभावक गुमाई टुहुरा, बेसहारा भएका बालबालिकालाई बसोबासको प्रबन्ध मिलाई कम्तीमा उच्च माध्यामिक तहसम्म छात्रवृत्ति वा निःशूल्क अध्ययनको प्रबन्ध मिलाउनु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिमको नगद राहत वितरण गर्दा बैंकिङ सेवा उपलब्ध भएका एवं बैंक सञ्चालनमा रहेको जिल्लाका विपद् प्रभावित वा आश्रित परिवारका सदस्यलाई राहत रकम निजको बैंक खातामार्फत प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको राहत वितरण गर्दा जिल्ला विपद् व्यवस्थापन समितिले विपद् प्रभावित एवं राहत प्राप्त गर्ने लाभग्राहीको सूचीका आधारमा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत समेत उपलब्ध गराउन सक्नेछ ।

प्रारम्भिक मस्यौदा

८. **राहत वितरणको व्यवस्थापनः** (१) विपद् प्रभावितहरुको खोज, उद्धार र राहत कार्यका साथ साथै जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले तत्काल विपद् प्रभावित व्यक्ति एवं विपद्का कारण मृत्यु भएका, वेपत्ता तथा घाइते भएका व्यक्तिको लगत संकलन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको लगत संकलन अनुसार राहत वितरण गरिने विपद् प्रभावित व्यक्ति एवं विपद्का कारण मृत्यु भएका, वेपत्ता तथा घाइते भएका व्यक्तिहरुको नामावली सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सार्वजनिक गरिएको नामावलीमा छुट भएमा सो सार्वजनिक भएको मितिले ३० दिनभित्र सम्बन्धित विपद् व्यवस्थापन समितिमा जानकारी गराउनु पर्नेछ ।

(४) राहतपछिको पूनर्लाभ र पूनर्स्थापना कार्यलाई सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिले निरन्तरता दिई व्यवस्थापन गर्नु पर्नेछ ।

(५) सम्बद्ध विपद् व्यवस्थापन समितिले विपद् प्रभावित व्यक्तिलाई गुणस्तरयुक्त र स्वस्थ्यकर खाद्य सामग्री एवं उपभोग योग्य गैह्रखाद्य सामग्रीहरु मात्र वितरण गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

(६) जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिले गैरसरकारी तथा निजी क्षेत्रसँगको सहयोग तथा समन्वय एवं स्वयंसेवकहरु एवं सम्बन्धित समुदायको परिचालन गरी राहत वितरण कार्य सक्नेछन् ।

९. **राहतका लागि समेटिने विपद्:** (१) यस मापदण्ड बमोजिम उपलब्ध गराइने राहत देहायका विपद्का घटनामा परेका विपद् प्रभावितहरुलाई मात्र समेटिनेछ ।

(क) भूकम्प
(ख) बाढी
(ग) पहिरो
(घ) आगलागी
(ङ) असिनापानी
(च) हुरीबतास
(छ) चटयाङ्ग
(ज) हिमपात
(झ) महामारी
(ञ) शीतलहर
(ट) तातो हावाको लहर
(ठ) जनावर आतङ्क



प्रारम्भिक मस्यौदा

(ड) विशाक्त ग्याँस, रसायन, विकिरण चूहावट

(ढ) ग्याँस विस्फोटन

(ण) विशाक्त खाद्य सेवन

(त) भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना

(थ) हिमपहिरो

(द) डुबान

(ध) ज्वालामूखी विस्फोटन

(न) विपद्का कारण भएको हवाई, सडक एवं डुङ्गा दुर्घटना वा यस्तै प्रकृतिका अन्य विपद्का घटनाबाट प्रभावित ।

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमको विपद्का लागि महामारीका कारण रोग व्याधी फैलिई सोही कारणबाट मृत्यु भएको, खण्ड (ञ) र (ट) बमोजिमको शीतलहर तथा तातो हावाको लहरका कारण मृत्यु भएको भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रमाणित गरी सिफारिश गरेमा कार्यकारी समितिले तोके बमोजिम राहत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लेख भएका बाहेक अन्य कुनै विपद्का कारण कसैको मृत्यु भएमा र प्रभावित भएको अवस्थामा नेपाल सरकारले तोके बमोजिम राहत उपलब्ध गराउन सक्नेछ ।

परिच्छेद ४

## राहत कोषको व्यवस्था

१०. **<u>खोज, उद्धार एवं राहत रकमको व्यवस्था</u>**: (१) ऐनको दफा २२ बमोजिमको कोषको स्थापना र सञ्चालन प्राधिकरणले गर्नेछ । प्राधिकरणबाट उपलब्ध कोषको परिचालन गर्ने गराउने कार्य जिल्ला विपद् व्यवस्थापन समितिले गर्नेछ ।

(२) ऐनको दफा २३ बमोजिमको कोषको स्थापना र सञ्चालन गर्न गराउनका लागि प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यक कानूनी प्रबन्ध गर्नु पर्नेछ । प्रदेश तथा स्थानीय विपद् व्यवस्थापन कोषमा प्रधिकरणले आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

प्रारम्भिक मस्यौदा

(३) उपदफा (१) बमोजिम जिल्ला विपद् व्यस्थापन समितिलाई प्राप्त रकम विपद् प्रभावितको खोज, उद्धार एवं राहत कार्यका अतिरिक्त विपद् प्रतिकार्यको पूर्व तयारीका लागि खर्च गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई प्राधिकरणबाट प्राप्त रकम विपद् प्रभावितको खोज, उद्धार एवं राहत कार्यका अतिरिक्त विपद् प्रतिकार्यको पूर्व तयारीका लागि खर्च गर्न सक्नेछ । आन्तरिक श्रोत व्यवस्थापनबाट जुटाइएको रकम विपद् जोखिम न्यूनीकरण, प्रतिकार्य र पूनर्लाभका कार्यक्रम स्वीकृत गरी खर्च गर्न सक्नेछ ।

(५) उपदफा (२) र (३) बमोजिम खोज, उद्धार एवं राहत वितरणमा रकम अपुग भएको जानकारी सहित सम्बद्ध तह तथा निकाय मार्फत माग भएमा आवश्यकता अनुसार प्राधिकरणले थप रकम उपलब्ध गराउन सक्नेछ ।

(६) कोषको मात्रा र श्रोत व्यवस्थापन गर्दा सम्भावित जोखिमको आँकलन, भौगोलिक अवस्था, जनघनत्व र यातायातको सुविधाका आधारमा गर्नु पर्नेछ।

(७) जिल्ला विपद् व्यवस्थापन समितिले विषयगत कामकाजका लागि मन्त्रालयबाट प्राप्त रकम सम्बन्धित विपद् प्रभावितलाई राहत वितरण गर्नु गराउनु पर्नेछ ।

(८) विपद्को घटनामा परी भएको मानवीय एवं भौतिक क्षतिको विवरण प्रभावित व्यक्तिले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिमा घटना भएको मितिले बढीमा ३० दिनभित्र सूचना दिइसक्नु पर्नेछ ।

(९) यस मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा सम्बन्धित विपद् व्यवस्थापन समितिले घटना भएको बढीमा ६० दिनभित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउनेछ ।

प्रामाणिक मस्यौदा

परिच्छेद ५

## विविध

११. **<u>वीमा सम्बन्धी व्यवस्थाः</u>** (१) सम्बद्ध विपद् व्यवस्थापन समितिले विपद्का कारणबाट हुन सक्ने क्षतिलाई दृष्टिगत गरी जीवन, भौतिक संरचना, व्यवसाय, अचल सम्पत्ति, सवारी साधन, कृषि, बाली र पशुपक्षी, सवारी साधन लगायतका निजी सम्पत्तिहरुको वीमा गर्नका लागि सबै

नागरिकहरुलाई सम्बद्ध सरकारी निकाय र गैह्रसरकारी क्षेत्रको सहयोग लिई प्रोत्साहित र प्रवर्द्धन गर्नेछ ।

(२) उपदफा (१) विपद् प्रभावित व्यक्तिले आफ्नो निजी सम्पत्तिको वीमा गराएको जानकारी प्राप्त भएमा निजलाई दोहोरो नपर्ने गरी राहत उपलब्ध गराउनु पर्नेछ ।

तर, यस प्रावधानले विपद् प्रभावितलाई राहत उपलब्ध गराउन वाधा पुगेको मानिनेछैन् ।

१२. <u>**विपद् प्रभावितको जीविकोपार्जन सम्बन्धी व्यवस्थाः**</u> (१) विपद् प्रभावितको जीविकोपार्जनमा सहजता ल्याउन एवं निजी व्यवसाय सञ्चालन गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक वातावरण निर्माण गर्ने कार्य गर्नु पर्दछ ।

(२) विपद् प्रभावित परिवारको कुनै एक व्यक्तिलाई नेपाल सरकारले सञ्चालनमा ल्याएको स्वरोजगार कार्यक्रममा सहभागी गराई आफ्नो व्यवसाय सञ्चालन गर्नका लागि प्राथमिकता दिइनेछ ।

(३) विपद् प्रभावितहरुले साविकमा गरी आएको परम्परागत ज्ञान, शीप, क्षमता र रुचीका आधारमा व्यवसायिक पूनर्स्थापना गर्न चाहेमा सम्बन्धित सरकारी निकाय तथा मानवीय क्षेत्रमा क्रियाशील संघसंस्थाबाट आवश्यक पूँजी, वस्तु, अवसर र कार्यक्रम सहितको रोजगार योजना उपलब्ध गराइनेछ ।

(४) विपद् प्रभावितहरुको ज्ञान, शीप, क्षमता र रुचीका आधारमा विपद् प्रभावित क्षेत्रमा सञ्चालन हुने विपद् पुनर्लाभ तथा पूनर्निर्माणसँग सम्बन्धित काममा स्थानीय विपद् प्रभावितहरुलाई प्राथमिकता दिइनेछ ।

(५) विपद् प्रभावितहरुलाई प्राथमिकतामा राखी उनीहरुको ज्ञान, शीप, क्षमता अभिवृद्धि गर्नका लागि प्रभावित क्षेत्रका समुदायहरुलाई रोजगारमूलक एवं शीपमूलक तालीम सञ्चालन गरी स्वरोजगारीको अवसर र वातावरण श्रृजना गरिनेछ ।

(६) वैदेशिक रोजगारमा जान इच्छुक र वैदेशिक रोजगारीमा जान सक्ने अवस्था भएको विपद् प्रभावित परिवारको कुनै एक सदस्यलाई निःशूल्क वैदेशिक रोजगारीमा पठाउने व्यवस्थाका लागि सम्बन्धित विपद् व्यवस्थापन समितिले प्राधिकरणमा

सिफारिश गर्ने सक्नेछ र प्राप्त सिफारिश कार्यान्वयनका लागि प्राधिकरणले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आवश्यक सिफारिश गर्नेछ ।

(७) यस दफा बमोजिम उपलब्ध गराइने रोजगारी तथा स्वरोजगारका अवसरहरु विपद् भएको बढिमा एक वर्षभित्र उपलब्ध गराइनेछ ।

१३. **अभिलेख व्यवस्थापन र प्रतिवेदन:** (१) संघ, प्रदेश र स्थानीय तहले खोज, उद्धार एवं राहत वितरणको सम्पूर्ण विवरण सम्बन्धित विपद् व्यवस्थापन समितिहरुले अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी अभिलेख व्यवस्थापन गर्नु पर्नेछ । यसरी तयार गरिएको अभिलेख नियमित रुपमा रुपमा प्राधिकरणमा पठाउनु पर्नेछ ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिहरुले खोज तथा उद्धार कार्य एवं राहत वितरणको आवधीक विवरणको प्रतिवेदन सम्बन्धित प्रदेश एवं वार्षिक प्रतिवेदन तयार गरी प्राधिकरणमा पठाउनु पर्नेछ ।

(३) विपद् व्यवस्थापन समितिहरुले खोज तथा उद्धार कार्य एवं राहत वितरणको विवरण वार्षिक प्रतिवेदन तयार गरी प्राधिकरणमा पठाउनु पर्नेछ ।

१४. **अनुगमन तथा मूल्याङ्कन:** (१) विपद् प्रभावितहरुको खोज तथा उद्धार, राहत वितरण एवं सुरक्षित तथा उपयुक्त बसोबासको व्यवस्थापन सम्बन्धमा भए गरेका कार्यहरुको अनुगमन संघ तथा प्रदेश सरकारले गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अनुगमनका क्रममा कमिकमजोरी देखिएमा विपद् प्रभावितहरुको खोज तथा उद्धार, राहत वितरण एवं सुरक्षित तथा उपयुक्त बसोबासको व्यवस्थापनका सम्बन्धमा सम्बन्धित विपद् व्यवस्थापन समितिलाई मार्गनिर्देश गर्न सक्नेछ । यसरी प्राप्त मार्गनिर्देशनको कार्यान्वयन गर्नु सम्बन्धित विपद् व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा विपद्का क्रममा भएका सबै क्रियाकलापहरुलाई मन्त्रालयको वेबसाइट वा मन्त्रालयले तयार गरेको विपद् सूचना व्यवस्थापन प्रणालीमा समेत राख्ने व्यवस्थाका लागि मन्त्रालयले सम्बन्धित विपद् व्यवस्थापन समितिसँगको समन्वयमा विवरण अद्यावधीक गरी सो मार्फत समेत अनुगमन गर्न सक्नेछ ।

१५. **सूची अद्यावधीक गर्नुपर्ने:** (१) संघ, प्रदेश र स्थानीय तहहरुले खोज तथा उद्धार एवं राहत वितरणका लागि परिचालन गरिने सुरक्षाकर्मी, चिकित्सक, स्वास्थ्यकर्मी, विषय विज्ञ एवं अन्य



प्रारम्भिक मस्यौदा

तालीम प्राप्त स्वयंसेवीलगायतका विषय विज्ञ जनशक्तिको पहिचान गरी ती जनशक्तिको सूची (रोष्टर) अद्यावधीक गर्ने र सो विवरण प्राधिकरणमा समेत जानकारी गराउनु पर्नेछ ।

(२) संघ, प्रदेश र स्थानीय तहमा रहेका विपद् व्यवस्थापन समितिहरुले आ-आफ्नो तहमा मानवीय क्षेत्रमा क्रियाशील गैरसरकारी संघसंस्थाको सूची अद्यावधीक गर्ने र सो विवरण प्राधिकरणमा समेत जानकारी गराउनु पर्नेछ ।

१६. **<u>आकष्मिक खर्चः</u>** (१) विपद् प्रभावितको खोज तथा उद्धार कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागि जोखिमयुक्त भवन संरचना हटाउन, व्यक्तिको मालवस्तु कब्जामा लिई सोको भाडा वा मूल्य भुक्तानी गर्न, संकटग्रस्त अवस्थामा अत्यावश्यक सेवा सूचारु गर्न समेतका लागि तत्कालको आवश्यकता र औचित्यताका आधारमा <u>अनुसूची २</u> बमोजिम प्रतिवेदन गरी प्रमुख जिल्ला अधिकारीले बढीमा **रु. एक लाखसम्म** खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने आकष्मिक खर्च प्राधिकरणबाट अनुमोदन गराउनु पर्नेछ ।

१७. **<u>विषयगत निकायले प्रदान गर्ने राहतः</u>** विपद् प्रभावितलाई नेपाल सरकारका विषयगत मन्त्रालय वा निकायले प्रचलित कानून बमोजिम प्रदान गर्ने राहतलाई यस मापदण्डका प्रावधानले कुनै असर पर्ने छैन् ।

१८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** (१) विपद् प्रभावितहरुको खोज तथा उद्धार कार्य एवं राहत वितरण गर्दा यस मापदण्डमा उल्लेख भएको विषय यस मापदण्ड बमोजिम र यस मापदण्डमा उल्लेख नभएको विषय प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ ।

(२) विपद् प्रभावितहरुको खोज, उद्धार एवं राहत व्यवस्थापन कार्यमा विशेष सक्रियता पूर्वक योगदान पुर्याउने सुरक्षाकर्मी, कर्मचारी, स्वयंसेवक, व्यक्ति, संघसंस्था, समाजसेवी, व्यवसायी लगायतलाई सम्बन्धित विपद् व्यवस्थापन समितिले उचित सम्मान एवं पुरस्कारको व्यवस्था मिलाउन सक्नेछ ।

(३) विपद् प्रभावितहरुको खोज, उद्धार एवं राहत व्यवस्थापन कार्यमा वाधा, व्यवधान पुर्याउने व्यक्ति तथा संघसंस्थालाई तत्काल नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गरिनेछ ।

१९. **<u>संशोधन गर्न सकिनेः</u>** यस मापदण्डमा उल्लेखित राहत सम्बन्धी मापदण्डमा परिमार्जन गर्न आवश्यक देखिएमा कार्यकारी समितिले संशोधन गर्न सक्नेछ ।

प्रारम्भिक मस्यौदा

२०. **<u>मार्गदर्शक हुने:</u>** प्रदेश तथा स्थानीय तहले विपद् प्रभावितलाई राहत वितरण गर्न छुट्टै राहत मापदण्ड तय गर्दा यस मापदण्डलाई मार्गदर्शक आधार लिन सक्नेछन् ।

२१. **<u>निर्देशन दिन सक्ने:</u>** यस मापदण्ड बमोजिम खोज तथा उद्धार कार्य एवं राहत वितरण गर्दा कुनै कठिनाई आएमा वा द्विविधा उत्पन्न भएमा प्राधिकरणको परामर्शमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

२२. **<u>खारेजी तथा बचाउ:</u>** (१) प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ खारेज गरिएको छ ।

(२) प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ बमोजिम भए गरेका कामकारवाहीहरु यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।

प्रारम्भिक मस्यौदा

अनुसूची १

(मापदण्डको दफा १३ सँग सम्बन्धित)

राहत वितरण प्रतिवेदनको ढाँचा

नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह

.......................... विपद् व्यवस्थापन समिति

**विपद्को घटनाः** **घटनाको मितिः**

| क्र.सं | विपद् प्रभावित लाभग्राहीको नाम थर | ठेगाना र सम्पर्क नं. | राहतको विवरण | | | | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | मृतक राहत | विस्थापित राहत | घाइते उपचार | यातायात खर्च | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

प्रारम्भिक मस्यौदा

अनुसूची २

(मापदण्डको दफा १६ सँग सम्बन्धित)

आकष्मिक खर्च स्वीकृति सम्बन्धी प्रतिवेदनको ढाँचा

जिल्ला विपद् व्यवस्थापन समिति

श्रीमान् कार्यकारी प्रमुखज्यू,

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,

काठमाडौं ।

विषयः **<u>प्रतिवेदन सम्बन्धमा</u>** ।

महोदय,

मिति २०७ । । मा यस जिल्लाको . . . . . . . . . स्थानमा घटेको . . . . . . . . विपद्को घटनाको व्यवस्थापनका लागि *जोखिमयुक्त भवन संरचना हटाउन।व्यक्तिको मालवस्तु कब्जामा लिई सोको भाडा वा मूल्य भुक्तानी गर्न।संकटग्रस्त अवस्थामा अत्यावश्यक सेवा सूचारु गर्न।अन्य विशेष परिस्थिति* देहायका आधार र कारणले रु. . . . . खर्च गरिएको व्यहोरा जानकारी तपसील बमोजिमका विवरण सहित स्वीकृतिका लागि पेश गर्दछु ।

१. आकष्मिक खर्च गर्नु पर्ने अवस्थाको विवरणः
   क.
   ख.
   ग.

२. आकष्मिक खर्च नगर्दा उत्पन्न हुन सक्ने जोखिमः
   क.
   ख.
   ग.

३. उत्पन्न हुने जोखिमले पार्न सक्ने प्रभावहरुः
   क.
   ख.
   ग.

| | |
|---|---|
| <u>**संलग्नः**</u><br>१. घटनाको प्रहरी मुचुल्का,<br>२. सम्बन्धित स्थानीय तहको सिफारिश,<br>३. न्यूनतम बजार मूल्य अनुसार मालवस्तुको मूल्याङ्कन,<br>४. सेवा प्रवाहको मूल्य,<br>५. करार सम्झौता वा अन्य समझदारी पत्र,<br>६. अन्य प्रमाण तथा विवरण । | <u>**प्रतिवेदक**</u><br>नामः<br>पदः प्रमुख जिल्ला अधिकारी<br>जिल्लाः<br>मितिः |

प्रारम्भिक मस्यौदा